


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन २७ गते बुधबार ❑ 11 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकीमा एमाले र नेकपाको प्रतिनिधित्व शून्य

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

गत बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशमा कम्युनिष्ट दल नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले एउटा पनि क्षेत्रमा विजय हासिल गर्न सकेनन् ।

गण्डकीबाट दुवै दलको प्रतिनिधित्व शून्य बनेको छ । विसं २०७९ को चुनावमा गण्डकीबाट एमालेले पाँच र नेकपाले दुई निर्वाचन क्षेत्रमा जितेको थियो ।

अघिल्लो चुनावमा १० क्षेत्रमा जितेको नेपाली कांग्रेस पनि यसपटक गण्डकीमा दुई सिटमा सीमित रह्यो । विसं २०७९ को चुनावमा बागलुङ-१ मा विजयी बनेको राष्ट्रिय जनमोर्चाका उम्मेदवारको यसपालि जमानत नै जफत भयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रदेशका कुल १८ निर्वाचन क्षेत्रमध्ये १५ निर्वाचन क्षेत्रमा विजयी बन्न सफल भयो । म्याग्दी, मुस्ताङ र मनाङबाहेकका जिल्लामा रास्वपा उम्मेदवारले जितेका हुन् । म्याग्दीमा स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी बन्नुभयो । मुस्ताङबाट नेपाली कांग्रेसका योगेश गौचन थकाली र मनाङमा पनि नेपाली कांग्रेसकै टेकबहादुर गुरुङले संसद्को यात्रा तय गर्न सफल हुनुभयो । रास्वपाले प्रदेश राजधानी रहेको कास्कीलगायत अधिकांश जिल्लामा जित निकालेको हो । रास्वपाबाट कास्की-१ खड्कराज पौडेल, कास्की-२ मा उत्तमप्रसाद पौडेल र कास्की-३ मा बिना गुरुङ विजयी बन्नुभयो । बागलुङका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवार विजयी बन्नुभयो ।

बागलुङ-१ मा सुशील खड्का र बागलुङ-२ मा सोम शर्मा बिजयी बन्नुभयो । स्याङ्जाका दुवै क्षेत्रमा पनि रास्वपा उम्मेदवार विजयी बने । स्याङ्जा-१ बाट धनञ्जय रेग्मी र स्याङ्जा-२ बाट झविलाल डुम्रे ससंद्मा पुग्नुभएको हो । तनहुँका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवारले जितेका छन् । तनहुँ-१ मा स्वर्णिम वाग्ले र तनहुँ-२ मा श्रीराम न्यौपाने विजयी बन्नुभयो । यस्तै, नवलपुर-१ मा रास्वपाकै राजन गौतम र नवलपुर-२ मा मनिष खनाल विजयी बन्नुभयो । लमजुङमा रास्वपाका उम्मेदवार धर्मराज केसी विजयी बन्नुभयो । पर्वतबाट रास्वपाकै सागर भुसालले ससंदीय यात्रा तय गर्नुभएको छ । गोरखाका दुवै क्षेत्रमा पनि रास्वपाले जित्यो । गोरखा-१ मा सुदन गुरुङ र गोरखा-२ मा कविन्द्र बुर्लाकोटी विजयी बन्नुभयो ।

## विद्युतीय तार भूमिगत आयोजना : तीनपटक म्याद थप्दा ६७ प्रतिशत काम

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

तीनपटक ठेक्का म्याद थप्दा पनि पोखरामा विद्युतीय तार भूमिगत गर्ने आयोजनाको प्रगति न्यून देखिएको छ ।

हालसम्म उक्त आयोजनाको भौतिक प्रगति ६७ प्रतिशत पुगेको नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले जनाएको छ । पछिल्लोपटक गत सेप्टेम्बरमा आयोजनाको ठेक्का म्याद थप गरिएको थियो । आगामी जुन ३० सम्ममा म्याद थप भए पनि उक्त अवधिमा पनि आयोजनाको काम पूरा नहुने आयोजनाका प्रमुख इन्जिनियर आनन्द सुवेदीले बताउनुभयो ।

"बर्सातका बेला निर्माणको काम प्रभावित हुन्छ, आगामी हिउँदसम्म आयोजनाको अवधि लम्बिने अवस्था छ", उहाँले भन्नुभयो, "पछिल्लो समय कामको गति केही बढे पनि निर्धारित समयमा आयोजनाको काम सम्पन्न गर्न कठिन देखिएको छ ।" यसअघि आगामी चैतभित्र काम सक्ने लक्ष्य आयोजना व्यवस्थापनले लिएको थियो । सुरुको चरणमा निर्माण कम्पनीले काममा ढिलासुस्ती गरेका कारण पटकपटक ठेक्का म्याद थप गर्नुपर्ने अवस्था आएको आयोजनाका प्रमुख इन्जिनियर सुवेदीले बताउनुभयो । विसं २०७८ माघमा दुई वर्षे ठेक्कामा गएको उक्त आयोजनाको काम भने विसं २०८० वैशाखदेखि सुरु भएको थियो । त्यसयता ठेक्काको म्याद तीन पटकसम्म थप भइसकेको छ । भारतीय कम्पनी टाटा प्रोजेक्ट्सले पोखरा र भरतपुरमा तार बिछ्याउन रु दुई अर्ब ५० करोड ३३ लाखमा ठेक्का लिएको थियो । पोखरामा तार भूमिगत र वितरण प्रणाली सुदृढीकरणमा रु एक अर्ब ३० करोड खर्च हुने जनाइएको छ । हाल पोखरा अन्तररशष्ट्रिय विमानस्थल प्रवेशद्वारदेखि पृथ्वीचोकको सेती पुलसम्म तार बिछ्याएर घरघरमा विद्युत् वितरणसमेत भइसकेको इन्जिनियर सुवेदीले बताउनुभयो । अहिले सिर्जनाचोकदेखि सभागृह, पृथ्वीचोक, जिरो किलोमिटर क्षेत्र र लेकसाइडको जरेबर क्षेत्रमा तार बिछ्याउने काम भइरहेको उहँको भनाइछ । आयोजनाअन्तर्गतपोखरा अन्तरराष्ट्रिय विमानस्थलको प्रवेशमार्गदेखि कुँडहरचोक, अमर सिंहचोक, पृथ्वीचोक हुँदै जिरो किमीसम्मको मुख्य राजमार्ग, सिर्जनाचोक, राष्ट्रबैंकचोक, लेकसाइड, सभागृहचोक, न्यूरोड, चिप्लेढुङ्गालगायत क्षेत्रमा तार भूमिगत गरिने भएको हो । मुख्यदेखि सहायक सडकसम्मै तार बिछ्याइने आयोजना कार्यालयले जनाएको छ । विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि बिच्छाइनेछ । लेकसाइडको गल्ली नं १५, १६ र १७ लगायत क्षेत्रमा तार बिछ्याउने काम भइसकेको छ । न्यूरोड र चिप्लेढुङ्गा क्षेत्रमा काम सुरु हुन बाँकी रहेको आयोजनाका प्रमुख इन्जिनियर सुवेदीले बताउनुभयो । आयोजनाको इन्जिनियरिङ डिजाइन र उपकरण खरिदमा समय लागेकाले काम ढिलो सुरु भए पनि पछिल्लो समय भने निर्माण कम्पनीको लापार्वाहीका कारण आयोजनाको गति सुस्त हुँदै आएको हो । पोखरालाई विद्युतीय तारमुक्त बनाउन प्राधिकरणले वितरण प्रणाली सुदृढीकरण आयोजना सञ्चालन गरेको हो । पर्यटकीय सहर पोखराका मुख्य सहरी क्षेत्र र पर्यटकको बढी आउजाउ हुने ठाउँको तारलाई जमिनमुनि बिछ्याउन लागिएको हो । जमिनमुनि तार बिछ्याएपछि ग्राहकको घरघरमा बिजुली पुऱ्याउने काम पनि प्राधिकरण नै गरिरहेको छ । प्राधिकरणले सडकमा न्यून क्षति हुने गरी तार बिछ्याउने प्रविधि प्रयोग गर्दै आएको छ ।

'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' प्रविधिबाट सडक खनेर तार भूमिगत गरिएको हो । तार भूमिगत गरेपछि ठाउँ-ठाउँमा ट्रान्सफर्मर राखेर ग्राहकका घरघरमा बिजुली पुऱ्याइने प्राधिकरणले जनाएको छ । विद्युत् लाइन जमिनमुनि बिछ्याउँदा अव्यवस्थित तार, पोलबाट पोखराले मुक्ति पाउनुका साथै सहरी सौन्दर्य बढ्ने विश्वास लिइएको छ । भूमिगत तार बढी क्षमतायुक्त र भरपर्दो हुने हुँदा ग्राहकको बढ्दो माग र बिजुलीको चाप थेग्न भूमिगत प्रणाली उपयुक्त हुने प्राधिकरणको भनाइ छ ।

## तीन महिनापछि (पोखरा-जोमसोम) हवाई सेवा सञ्चालन

**रासस**
मुस्ताङ, २६ फागुन

हिउँदयामको प्रतिकूल मौसम तथा पर्यटकीय अफसिजनका कारण विगत तीन महिनादेखि बन्द रहेको (पोखरा-जोमसोम्) हवाई सेवा सोमबारदेखि सञ्चालनमा आएको छ ।

तर, (पोखरा-जोमसोम) हवाई सेवा सञ्चालनका लागि सोमबार तारा एयरलाइन्सको उडान र मङ्गलबार तारा एयरलाइन्स र समिट एयरलाइन्सको उडान तालिका तय गरिएको भए पनि प्रतिकूल मौसमका कारण हवाई उडान सुरु हुन नसकेको जोमसोम नागरिक उड्डयन कार्यालयले जनाएको छ । यसअघि (पोखरा–जोमसोम्) हवाई उडान गर्दै आइरहेको निजी वायुसेवा कम्पनी तारा एयरलाइन्सले डिसेम्बर ४ तारिखदेखि मार्च १ तारिखसम्म हवाई सेवा बन्द गर्ने निर्णय गरेको थियो । यसैगरी यहाँ उडान भर्दै आइरहेको अर्को निजी वायुसेवा कम्पनी समिट एयरलाइन्सले पनि डिसेम्बर १ देखि फेब्रअरी १ सम्म (पोखरा-जोमसोम हवाई उडान सेवा बन्द गर्ने निर्णय गरेको थियो । हिउँदयामको अत्यधिक चिसो, सम्भावित हिमपात र प्रतिकूल मौसमका कारण बन्द गरिएको पोखरा-जोमसोम हवाई उडान सेवा निजी वायुसेवा कम्पनीले जनाएअनुसार तोकिएको समयभन्दा केही ढिला गरी सञ्चालनमा ल्याइएको हो । यहाँ नियमित रूपमा उडान गर्दै आइरहेको तारा एयरलाइन्स कम्पनीले मार्च १ तारिखदेखि हवाई उडान सुचारु गर्ने जनाएपछि फागुन २१ गतेको निर्वाचनका कारण एक हप्ता ढिलो गरी सञ्चालनमा ल्याउन लागेको हो । यसैगरी यहाँ उडान भर्ने गरेको निजी वायुसेवा कम्पनीले पनि फेब्रअरी १ तारिखदेखि (पोखरा-जोमसोम्) हवाई सेवा सञ्चालनमा ल्याउने जनाएता पनि निर्वाचनको समय परेकाले एक महिना बढी ढिलो गरी सञ्चालनमा ल्याएको हो ।

मौसम प्रतिकूलता तथा पर्यटकीय अफसिजनका कारण उडान स्थगित भएको पोखरा(जोमसोम हवाई सेवा तीन महिनापछि सञ्चालनमा आइसकेको जोमसोम नागरिक उड्डयन कार्यालयका प्रमुख दीपक पोखरेलले जानकारी दिनुभयो । उहाँ अनुसार सोमबारदेखि हवाई सेवा सञ्चालनमा ल्याउने सबै तयारी भइरहेकोमा खराब मौसमका कारण सोमबार र मङ्गलबार निजी वायुसेवा कम्पनीका टुइनेटर जहाजहरूले उडान भर्न सकेको छैन ।


तीन महिनापछि सोमबार तारा एयरको जहाज र मङ्गलबार तारा र समिट एयरलाइन्सको उडान तालिका रहेकोमा प्रतिकूल मौसमका कारण हवाई उडान हुन नसकेको नागरिक उड्डयन प्रमुख पोखरेलको भनाइ छ । मङ्गलबार पोखराबाट जोमसोमका लागि तारा एयरलाइन्सको दुई उडान र समिट एयरलाइन्सको तीन उडान तय भएकोमा मौसम प्रतिकूलताका कारण उडान रद्द हुन पुगेको बताउनुभयो । मौसम खुलेमा पोखरा-जोमसोम हवाई सेवा नियमित हुने प्रमुख पोखरेलले उल्लेख गर्नुभयो ।

वसन्त ऋतुको आगमनसँगै मुस्ताङमा पर्यटकीय चहलपहल हुने भएकाले बर्सेनि यहाँ उडान भर्ने निजी वायुसेवा कम्पनीले पुस र माघ महिना पूरै उडान बन्द गरेर फागुन महिनामा पुनः हवाई उडान सेवा सञ्चालन गर्ने गरिन्छ । यस वर्ष पर्यटकीय याम सुरु भएको भए पनि फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण पर्यटकको आगमन हुन नसकेको हो ।

मुक्तिनाथ दर्शनका लागि मुस्ताङमा अधिकांश भारतीय पर्यटकहरू पोखरा-जोमसोम हवाई मार्गबाट आउने गरेकोमा सिमानाका बन्द भएकाले पनि हवाई सेवा प्रभावित भएको हो । तारा एयरलाइन्स जोमसोमका स्टेसन इञ्चार्ज सुचन लालचनले निर्वाचनका कारण पर्यटकको आगमन प्रभावित भएको भए पनि अब निर्वाचन सकिएका हवाई यात्रा गर्ने पर्यटकको सङ्ख्या वृद्धि हुने अपेक्षा गर्नुभयो । निर्वाचन सकिएकाले पोखरा-जोमसोम हवाई सेवाका लागि हवाई यात्रुहरूले धमाधम टिकट बुकिङ गर्न थालेको उहाँको भनाइ छ ।

मुस्ताङमा बर्सेनि डेढ लाख विदेशी पर्यटक भित्रिने गरेकोमा ७० प्रतिशत विदेशी पर्यटक भारतीय दर्शनार्थी रहेको छ । पछिल्लो समय राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक सहज हुँदै जान थालेपछि विगतको तुलनामा पोखरा-जोमसोम हवाई यात्रुको सङ्ख्या घट्दै जान थालेको छ । पछिल्लो समय भारतीय पर्यटक बेनी-जोमसोम सडकमार्ग हुँदै मुक्तिनाथ दर्शन गर्न आउने भएकाले हवाई उडान घट्दै गइरहेको छ । कुनै समय मुस्ताङमा निजी वायुसेवा कम्पनीले दैनिक १८ वटासम्म उडान भर्ने गरेका थिए । पछिल्लो समय यहाँ दैनिक १० वटाभन्दा बढी उडान हुन सकेको छैन ।

मुस्ताङमा पोखरा-जोमसोम हवाई उडानका लागि तारा एयरलाइन्स र समिट एयरलाइन्सको जहाजले मात्रै उडान भर्दैआइरहेका छन् । नेपाल वायुसेवा कम्पनीको जोमसोममा टिकट बुकिङ कार्यालय सञ्चालनमा रहे पनि लामो समयदेखि नेपाल वायुसेवा कम्पनीको हवाई उडान सेवा सञ्चालन हुन सकिरहेको छैन ।




## निर्वाचनमा खटिएका कर्मचारीप्रति आयोगद्वारा आभार प्रकट

**रासस**
काठमाडौं, २६ फागुन

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिकूल अवस्थामा पनि निर्वाचन सम्पन्न गराउन खटिने राष्ट्रसेवक कर्मचारीप्रति आभार व्यक्त गर्नुभएको छ ।

निर्वाचन सम्पन्न गराउन विभिन्न निकायबाट आयोगमा काजमा खटी आएका कर्मचारीको बिदाइ समारोहलाई आज सम्बोधन गर्दै उहाँले भदौ २७ गते राष्ट्रपतिले फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा गर्दा निर्वाचन हुन्छ र ? भन्ने प्रश्न आम रूपमा भए पनि छ महिनाबीचमा सम्पन्न गराउन सहयोग गर्ने सबैलाई आभार प्रकट गर्नुभयो ।

"भदौ २३ र २४ गतेको घटनापछि सुरक्षा पेचिलो विषय थियो, निर्वाचन घोषणा भएको एक महिनासम्म पनि दलहरू एक ठाउँमा बस्न सक्ने अवस्था थिएन, आयोगले नै दलहरूलाई एकै ठाउँमा राखेर संवाद आरम्भ गराएको थियो", उहाँले भन्नुभयो, "आजको परिणाम ल्याउन हामी सफल भएका छौं ।" निर्वाचन सम्पन्न गरेर राष्ट्रपतिलाई प्रतिवेदन बुझाउने तयारीमा आयोग रहेको उहाँले जानकारी गराउनुभयो ।

आयोगका सचिव कृष्णबहादुर राउतले विभिन्न निकायबाट काजमा खटिई आएका कर्मचारीको 'टिमवर्क' ले तोकिएको समयमा निर्वाचन सम्भव भएको बताउनुभयो । निर्वाचनमा खटिएका सबै राष्ट्रसेवक कर्मचारीकै कारण २३ हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶

# प्रधानमन्त्री कप प्रदेश स्तरीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता बिहीबारदेखि पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि गण्डकी प्रदेशको टोली छनोट गर्ने उद्देश्यले पिएम कप गण्डकी प्रदेशस्तरीय पुरुष एकदिवसीय क्रिकेट छनोट प्रतियोगिता बिहीबारदेखि पोखरामा सुरु हुने भएको छ।

गण्डकी प्रादेशिक क्रिकेट संघको आयोजनामा हुने उक्त प्रतियोगिता फागुन २८ देखि चैत ३ गतेसम्म पोखरा रंगशाला क्रिकेट मैदान र लेखनाथस्थित इडन हेभेन क्रिकेट मैदानमा सञ्चालन हुने संघले जनाएको छ। प्रतियोगितामा कास्की, स्याङ्जा, बागलुङ, तनहुँ, नवलपुर र पर्वत गरी गण्डकी प्रदेशका ६ जिल्लाका टोली बीच प्रतिस्पर्धा गर्ने भएको गण्डकी प्रादेशिक क्रिकेट संघका अध्यक्ष संजयकान्त सिग्देलले बताउनु भयो।

प्रतियोगितामा खेलाडीहरूले गरेको प्रदर्शनका आधारमा उत्कृष्ट २४ जना खेलाडी छनोट गरी उनीहरूलाई बन्द प्रशिक्षणमा समावेश गरिने उहाँले जनाउनु भयो। बन्द प्रशिक्षण चैत ४ देखि ७ गतेसम्म पोखरा रंगशाला क्रिकेट मैदानमा सञ्चालन हुनेछ, जहाँ खेलाडीहरूको फिटनेस परीक्षण तथा अभ्यास खेल पनि गराइने भएको हो।

खेलाडीहरूको क्षमता मूल्याङ्कन र राष्ट्रिय स्तरको प्रतिस्पर्धाका लागि मानसिक तयारी गराउने उद्देश्यले 'मुक्तिनाथ' र 'त्रिवेणी' नामका दुई टोली गठन गरी तीन वटा अभ्यास खेल आयोजना गरिने कार्यक्रम रहेको छ। ती अभ्यास खेल र प्रशिक्षणको आधारमा अन्तिम १५ सदस्यीय गण्डकी प्रदेश टोली घोषणा गरिने भएको संघका सचिव सुमनराज कार्कीले बताउनु भयो।

उक्त टोलीले चैत ७ गतेदेखि बागमती र मधेश प्रदेशमा सुरु हुने प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा गण्डकी प्रदेशको प्रतिनिधित्व गर्नेछ। गण्डकी प्रादेशिक क्रिकेट संघका अध्यक्ष संजयकान्त सिग्देलले प्रदेशमा क्रिकेटको विकास र प्रतिभाशाली खेलाडी पहिचान गर्न यो छनोट प्रतियोगिता महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो।

प्रतियोगिताको उद्घाटन कार्यक्रम फागुन २८ गते बिहान ८:३० बजे पोखरा रंगशाला क्रिकेट मैदानमा आयोजना गरिने संघले जनाएको छ। बागलुङ र कास्की उद्घाटन खेलमा भिड्ने भएका हुन्।



सिरुबारी गाउँ :
स्याङ्जाको आँधीखोला गाउँपालिका-१ मा अवस्थित दक्षिण एसियाकै पहिलो सामुदायिक होमस्टे सिरुबारी। यस गाउँ आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ। तस्बिरः तोलाकान्त बगाले/रासस

# कास्कीको रूपा गाउँपालिकामा वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

कास्कीको रूपा गाउँपालिकामा मंगलबारदेखि खुल्ला वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता सुरु गरेको छ। पालिकाको स्थापना दिवसको अवसरमा राष्ट्रिय खेल भलिबलको विकास तथा स्थानीय खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले रूपा गाउँपालिका-६ भिरचोक उक्त प्रतियोगिता मंगलबारदेखि सुरु भएको हो। दुई दिनसम्म चल्ने प्रतियोगिताको उद्घाटन रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले गर्नुभयो। उद्घाटन समारोहमा बोल्दै अध्यक्ष ओझाले प्रतियोगिताले स्थानीय स्तरमा खेल प्रतिभा पहिचान गर्न र राष्ट्रिय खेल भलिबलको विकासमा टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले "रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान" भन्ने नाराका साथ गाउँपालिकाले पर्यटन विकास, खानेपानी, शिक्षा, भौतिक पूर्वाधार, सडक, सिंचाइ, कृषि, पशुपालन तथा रोजगारीका क्षेत्रमा उल्लेख्य कामहरू गरिरहेको बताउनुभयो। साथै युवा तथा खेलकुदको विकासका लागि 'एक वडा एक खेल मैदान' निर्माण कार्यलाई पनि प्राथमिकताका साथ अघि बढाइएको जानकारी दिनुभयो। "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल नारालाई आत्मसात गर्दै रूपा गाउँपालिकाले स्थापना दिवसको अवसरमा २०७५ सालदेखि निरन्तर रूपमा पुरुष भलिबल प्रतियोगिता आयोजना गर्दै आएको गाउँपालिकाले जनाएको छ। प्रतियोगितामा गाउँपालिकाका सातवटै वडाबाट सात टोलीको सहभागिता रहेको छ। प्रतियोगितामा प्रथम हुने टोलीलाई ५५ हजार ५५५ रुपैयाँ, द्वितीय हुनेलाई ३३ हजार ३३३ रुपैयाँ र तृतीय हुने टोलीलाई २२ हजार २२२ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ यसैगरी उत्कृष्ट खेलाडीलाई ३ हजार रुपैयाँ, बेस्ट सेटरलाई २ हजार रुपैयाँ र बेस्ट स्पाइकरलाई १ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ। भलिबल खेल संयोजक तथा वडा नम्बर १ का वडाध्यक्ष रामबहादुर गोदारको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष लालसुब्बा गुरुङ, प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पौडेल लगायतको उपस्थिति रहेको थियो।

यसैबीच स्थापना दिवसको अवसरमा बुधबार महिला तर्फको रस्साकस्सी प्रतियोगिता, कृषि जैविक प्रदर्शनी, 'एक झलकमा रूपा' अंक-४ को विमोचन, विद्यार्थी तथा शिक्षक सम्मान लगायत विविध सांस्कृतिक तथा सामुदायिक कार्यक्रमहरू पनि आयोजना गरिने प्रशासकीय अधिकृत एवं सूचना अधिकारी लोकनाथ पौडेलले जानकारी दिनुभयो।

# समानुपातिकतर्फ एक करोड छ लाख ८३ हजार मत गणना

**रासस**
काठमाडौं, २६ फागुन

समानुपातिक निर्वाचन प्रणालीतर्फ हालसम्म कूल एक करोड छ लाख ७९ हजार ३६२ मत गणना भएको छ।

निर्वाचन आयोगले उपलब्ध गराएको राति १२:०० बजेसम्मको विवरणअनुसार, राष्ट्रिय स्वतन्त्र पार्टीले सबैभन्दा बढी अर्थात् ५१ लाख १४ हजार १८५ मत प्राप्त गरेको छ। नेपाली काग्रेसले १७ लाख ३८ हजार ९८, नेकपा (एमाले)ले १४ लाख ४३ हजार ८६४, नेपाली कम्युनिष्ट पार्टीले सात लाख ९६ हजार ६३२, श्रम संस्कृति पार्टीले तीन लाख ७६ हजार ७००, राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन लाख २८ हजार ७३० मत प्राप्त गरेको छ। जनता समाजवादी पार्टी नेपालले एक लाख ७४ हजार २०३, राष्ट्रिय परिवर्तन पार्टीले एक लाख ७० हजार ८३२ ,जनमत पार्टीले ७८ हजार ७९४ प्राप्त गरेको छ। मतगणना जारी छ।

# पोखरामा छ टन बढी मकैको बीउ अनुदानमा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

पोखरा महानगरपालिकाले महानगरभित्रका किसानलाई छ टन बढी मकैको बीउ अनुदानमा वितरण गरेको छ।

महानगरभित्र मकैखेतीप्रति किसानलाई आकर्षित गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा मकैको बीउ वितरण गरिएको महानगरपालिकाका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो। उहाँका अनुसार किसानलाई 'रामपुर कम्पोजिट' जातको बीउ एक हजार १०० किलो, अरुण-२ जातको बीउ तीन हजार १०० किलो र मनकामना-३ जातको बीउ दुई हजार १० किलो वितरण गरिएको छ।

प्रतिकिलो रु ११० पर्ने मकैको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको हो।

अनुदानमा बीउ वितरणका लागि महानगरपालिकाले सार्वजनिक सूचना जारी गरेकामा निवेदन दिएका ५०० भन्दा बढी किसानलाई बीउ उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो।

महानगर क्षेत्रमा करिब छ हजार हेक्टरमा मकैखेती हुने गरेको उहाँले बताउनुभयो।

# फोटो पत्रकार अक्षयकोषमा अमेरिकाको ह्युमन रिभोलुसनको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीले सञ्चालन गरेको 'फोटो पत्रकार अक्षयकोष' मा अमेरिकाको ह्युमन रिभोलुसनले आर्थिक सहयोग गरेको छ।

अमेरिकाको च्यारिटी संस्था ह्युमन रिभोलुसनका संस्थापक जीवन बरालले अक्षयकोषमा नगद १५ हजार १३७ रुपैयाँ सहयोग गरेका हुन्। बरालले अमेरिकाबाट सिधैं एनपिजेए कास्कीको खातामा उक्त रकम जम्मा गरिदिएका हुन्।

पोखरा निवासी बरालले अमेरिकामा सञ्चालन गरेको ह्युमन रिभोलुसनले विभिन्न च्यारिटी कार्यक्रम गर्दै आएको छ। आफ्नो संस्था परोपकारी कार्यमा लागेकाले फोटो पत्रकार अक्षयकोषमा पनि सहयोग गरेको संस्थापक बरालले बताए। सहयोग प्राप्त भएपछि एनपिजेए कास्कीका अध्यक्ष राम गुरुङले ह्युमन रिभोलुसनलाई धन्यवाद ज्ञापन गरे। उनले विभिन्न दाताहरूबाट प्राप्त सहयोगले अक्षयकोषको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताउँदै कोषको रकम फोटो पत्रकारहरुको वृत्तिविकासमा खर्च गरिने जानकारी दिए।

कोषमा विभिन्न क्षेत्रका समाजसेवी, बुद्धिजीवी र संघसंस्थाहरुबाट सहयोग जुट्ने क्रम जारी छ।

# निर्वाचनमा...

११२ मतदान केन्द्र र १४३ वटा अस्थायी केन्द्रमा कुनै सामान्य खालका समस्या नभई निर्वाचन सम्पन्न भएको उहाँको भनाइ थियो।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि विभिन्न निकायबाट गरी १४१ कर्मचारी आयोगमै काजमा आएर काम गरेको प्रशासन शाखा प्रमुख एवं सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिनुभयो। निर्वाचन सम्पन्न भएसँगै काज फिर्ता सुरु भएको जानकारी उहाँले दिनुभयो।

# जिपले च्यापेर चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
लमजुङ, २६ फागुन

जिपले च्यापेर यहाँको दोर्दी गाउँपालिका-४ ढुलाखेतका २९ वर्षीय कुमार गुरुङको मृत्यु भएको छ।

सोही गाउँपालिका-४ लामीडाँडामा ग१ज ७०९२ नम्बरको बोलेरो जिपले च्याप्दा मंगलबार दिउँसो गुरुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अभिषेक पाण्डेले जानकारी दिनुभयो।

उहाँका अनुसार आमा समूहको भवन नजिकै जिप 'स्टार्ट' गरेर पछाडिको 'ओत' निकाल्न खोज्दा जिप गुडेर पछाडिको भागले च्यापेर छाती र हातमा चोट लागेर घाइते हुनुभएको थियो।

तत्काल स्थानीयले उद्धार गरी सोही जिपमा बैंसीसहर नगरपालिका-८ स्थित प्रादेशिक अस्पताल बैंसीसहरमा उपचारका लागि ल्याए पनि चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।


## पाठेघरको मुखको क्यान्सरका लक्षण

- ◆अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राव हुनु।
- ◆योनिबाट बढि मात्रामा सेतो पानी बग्नु।
- ◆शारीरिक सम्बन्धको समयमा दुखाई हुनु।
- ◆शारीरिक सम्बन्धपछि रगत बग्नु।
- ◆तल्लो पेट, ढाड वा कम्मर दुख्नु।
- ◆पिसाब गर्दा दुख्नु वा रगत देखिनु।
- ◆शरीर कमजोर हुनु।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मौसमी प्रतिकूलताले वायु प्रदूषण बढ्दो, मास्कको प्रयोग गर्न आग्रह

**रासस**
काठमाडौं, २६ फागुन

हालैका दिनहरूमा मौसमी प्रतिकूलताका कारण देशका विभिन्न भागमा वायु प्रदूषणको स्तर बढ्दै गइरहेको छ।

विशेषगरी काठमाडौं, पोखरालगायत देशका ठूला सहरका अतिरिक्त तराईका अधिकांश स्थानमा 'पिएम' (प्रदूषणका मसिना कणहरू) दुई दशमलव पाँच पुगेको जनाइएको छ। वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले वायु प्रदूषणका असरबाट जोगिन आम नागरिकलाई सावधानी अपनाउन अनुरोध गरेको छ। विभागले आज एक अपिलमार्फत वायु प्रदूषण बढी भएको समयमा घरबाहिर निस्किँदा मास्कको प्रयोग गर्न, आफ्ना सवारी साधनको नियमित मर्मतसम्भार गर्न र फोहोर तथा बालीनालीका अवशेषहरू नजलाउने र जलाउने प्रवृत्ति सबैको पहलमा रोक्न अनुरोध गरेको छ।

त्यसैगरी, वन-जङ्गलमा डढेलो नलगाउने र लागिहालेमा तत्काल निभाउने प्रयास गर्न, निर्माण गतिविधिहरू गर्दा धुलो-धुवाँ नउड्ने व्यवस्था गर्न, उद्योग कलकारखाना सञ्चालन गर्दा सरकारले तोकेका मापदण्ड पूर्ण रूपमा पालना गरी सञ्चालन गर्न विभागका महानिर्देशक ज्ञानराज सुवेदीले सबैमा अनुरोध गर्नुभयो।

वायु प्रदूषण न्यूनीकरणका लागि जिम्मेवार सबै निकाय र आम नागरिकको सहकार्य र सकारात्मक प्रयास भएमा मात्र प्रदूषण न्यूनीकरण गर्न सम्भव र सहज हुने भएकाले त्यसका लागि सबैमा अनुरोध गरिएको उहाँले बताउनुभयो।

प्रदूषण बिहान-बेलुका समयमा उच्च हुने गरेको छ। चिसोका कारण विभिन्न स्रोतबाट उत्सर्जन भएको प्रदूषण छरिएर जान नसक्ने तथा विगत लामो समयदेखि वर्षा नभएका कारण यो याममा वायु प्रदूषण हुने गरेको विभागको भनाइ छ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७९५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ ।
– फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# ग्याँस आपूर्तिमा ध्यान देऊ

दुई महिनादेखि बजारमा देखिएको ग्यास अभाव झन् चुलिँदै गएको छ । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले नेपाल आयल निगमसँग ग्याससम्बन्धी विवरण मागेको छ । इरान अमेरिका युद्धपछि पेट्रोलियम पदार्थको अभाव हुने भन्दै ग्याँस आपूर्ति असहज बनाउने खेल हुँदैछ । बजारमा ग्यासको अभाव देखाउन थालिएको चुनाव अघि नै हो।सरकारले चुनाव भन्दै ग्यासको अभाव हो कि बनाइएको हो भनेर गम्भीरता लिएन।चुनावको परिणाम आएपछि मात्र सरकारले सक्रियता देखाउन थालेको छ । मंगलबार बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ग्यासको माग, आपूर्ति, उद्योग संख्या र अभावको कारणबारे विस्तृत जानकारी निगमसँग मागेको छ ।

विभागका निर्देशक तथा सूचना अधिकारी नरहरि तिवारीका अनुसार ग्यास अभाव संकट समाधानका लागि मंगलबार विभागमा विभिन्न चरणमा बैठक बसेको थियो । बैठकपछि निगमसँग एक वर्षको माग र आपूर्तिको मासिक विवरण माग गरिएको छ । 'बिभागले उद्योगको संख्या, उनीहरूलाई दिइएको पीडीओ, काठमाडौंको माग र आपूर्ति कति हो भन्ने तथ्यांक मागेका छ ।' बिभागले गत वैशाखदेखि कुन महिनामा कति ग्यास आपूर्ति भयो भन्ने मासिक विवरण पनि पेस गर्न भनेका छौं ।' बुधबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री सहित बैठक बस्न लागेको छ । उक्त बैठकमा हालको संकट समाधानका लागि ठोस कार्ययोजना सहित उपस्थित हुन आयल निगमलाई भनिएको छ । साथै निगमलाई 'संकट व्यवस्थापन योजना' पेस गर्न भनिएको छ । ग्यासको कालोबजारी र अस्वाभाविक मूल्यवृद्धि रोक्न विभागले अनुगमन कडा बनाएको छ । 'विभाग र आयल निगम दुवैको टोली अनुगमनमा खटिएको छ,'। 'बढी मूल्य लिनेलाई कारबाही गर्न टोली परिचालित भइसकेका छन् ।'

निगमले बजारमा ग्यास आपूर्तिमा समस्या छैन भने पनि अभाव रहेको अनुगमनबाटै देखिएको छ। उपभोक्ताले ग्यास नपाएको गुनासो बढेपछि विभागले बल्ल सक्रियता बढाएको छ । छिमेकी देश भारतले भू-राजनीतिक तनाव र इन्धन आपूर्तिमा देखिएको अवरोधलाई मध्यनजर गर्दै तेल रिफाइनरी कम्पनीहरूलाई खाना पकाउने ग्यास (एलपी) को उत्पादन बढाउन र थपिएको उत्पादन घरायसी प्रयोजनमा मात्र उपलब्ध गराउन निर्देशन दिएको छ । भारतको पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले सामाजिक सञ्जाल 'एक्स' मार्फत आम नागरिकको सहजताका लागि घरघरमा हुने एलपीजी आपूर्तिलाई उच्च प्राथमिकतामा राखिएको जनाएको छ । यसका साथै, ग्यासको कालोबजारी र जम्माखोरी (कृत्रिम अभाव) रोक्न एउटा सिलिन्डर लिएको २५ दिनपछि मात्र अर्को बुकिङ गर्न पाइने 'इन्टर-बुकिङ अवधि' को नियमसमेत लागु गरिएको छ ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार व्यावसायिक प्रयोजनका लागि विदेशबाट आयात गरिने गैर-घरायसी ग्यासको वितरणमा पनि नयाँ व्यवस्था गरिएको छ। जसअन्तर्गत आयातित ग्यास सबैभन्दा पहिले अस्पताल र शैक्षिक संस्था जस्ता अति आवश्यक क्षेत्रमा पठाइनेछ । त्यसैगरी, अन्य गैर-घरायसी क्षेत्रमा एलपीजी आपूर्तिसम्बन्धी विषयको समीक्षा गर्न त्यहाँका आयल मार्केटिङ कम्पनीका तीन जना कार्यकारी निर्देशक सम्मिलित एक समिति गठन गरिएको मन्त्रालयले जनाएको छ । अब रेस्टुरेन्ट, होटल र अन्य उद्योगहरूबाट आउने ग्यासको माग र अनुरोधका सम्बन्धमा यसै समितिले अध्ययन गरी आवश्यक निर्णय लिनेछ । भारतले जस्तै नेपाल सरकारले कर्मकाण्डी होइन व्यवहारिक तरिकाले अनुगमन र व्यवस्थापनमा सक्रियता खाँचो छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : कार्यमा सफलता |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : शत्रुको भय | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नदी पर्यटन प्रवर्द्धनका लागि त्रिशूलीमा अन्तरराष्ट्रिय र्‍याफ्टिङ तथा कायकिङ महोत्सव सुरु

**रासस**
चितवन, २६ फागुन

नेपालका हिमाली नदीहरूमा आधारित साहसिक पर्यटनलाई विश्व बजारमा थप प्रवर्द्धन गर्ने लक्ष्यसहित त्रिशूलीमा आजदेखि अन्तरराष्ट्रिय र्‍याफ्टिङ तथा कायकिङ महोत्सव सुरु भएको छ ।

नदी, साहस र पर्यटनको सङ्गम बनेको २४औँ हिमालयन ह्वाइटवाटर च्यालेन्ज २०२६ तथा ५०औँ अन्तरराष्ट्रिय हिमालयन र्‍याफ्टिङ तथा कायकिङ महोत्सवले नेपालका नदीहरूलाई साहसिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ । नेपाल पर्यटन बोर्ड (एनटिबी) र नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा) को संयुक्त आयोजनामा सुरु भएको तीनदिने प्रतियोगिता बिहीबारसम्म सञ्चालन हुनेछ ।

प्रतियोगितामा नेपालसहित विभिन्न देशका र्‍याफ्टिङ तथा कायक खेलाडीहरूले त्रिशूलीको तीव्र धारा र चञ्चल छाल पार गर्दै आफ्नो कौशल र साहस प्रस्तुत गरिरहेका छन् ।

यस वर्षको महोत्सवको पहिलो उिन कायक स्प्रिन्ट (३०० मिटर) प्रतियोगितामा कूल ५१ जना प्याडर र राफ्ट स्प्रिन्ट (३०० मिटर) मा १० टोली सहभागी भएका छन् ।

नाराका उपाध्यक्ष तथा महोत्सव संयोजक शुक्र लामाका अनुसार बुधबार 'कायाक क्रस' (३०० मिटर) तथा राफ्ट म्यानडेटरी प्रतिस्पर्धा (१० किलोमिटर) आयोजना हुनेछ । जसमा प्रारम्भिक चरणबाट छनोट भएका ३२ जना खेलाडीले प्रतिस्पर्धामा भाग लिने महोत्सव संयोजक लामाले जानकारी दिनुभयो । प्रतियोगिताको अन्तिम दिन बिहीबार १० किलोमिटरको 'राफ्ट रेस' आयोजना गरिनेछ, जसमा १३ टोलीले प्रतिस्पर्धा गर्नेछन् । प्रत्येक टोलीमा चार-चार जना खेलाडी रहनेछन् । प्रतियोगितामा भारतका दुई टोली र इजरायलका दुई टोलीसहित विदेशी खेलाडीहरूले पनि त्रिशूलीको छालमा प्रतिस्पर्धा गरिरहेका छन् । प्रतियोगितालाई अझ स्वस्थ र पारदर्शी बनाउन खेलाडीहरूको समय मापनका लागि 'टाइम-चिप' प्रणाली प्रयोग गरिएको छ । नाराका अध्यक्ष कमलबहादुर ठकुरीले यो वर्षको महोत्सवलाई विशेष ऐतिहासिक अवसरका रूपमा लिएको बताउनुभयो । उहाँका अनुसार यो वर्षको महोत्सव 'सिल्भर जुबिली'को रूपमा मनाइँदैछ । उहाँले भन्नुभयो, "यो केवल खेलकुद प्रतियोगिता मात्र होइन, नेपालको नदी पर्यटन, साहसिक संस्कृति र सहभागीहरूको पहिचानसँग जोडिएको गौरवको उत्सव हो । यसले नेपाललाई विश्व साहसिक पर्यटनको नक्सामा अझ मजबुत रूपमा स्थापित गर्न सहयोग पुर्‍याउनेछ ।"

नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक उदय भट्टराईले नदी, साहस र पर्यटनको सङ्गम बनेको यो महोत्सवले नेपालका नदीहरूलाई विश्व साहसिक पर्यटन बजारमा थप उजागर गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालमा नदी-आधारित साहसिक पर्यटनले पछिल्ला दशकहरूमा तीव्र गति लिएको छ । विशेषगरी त्रिशूली, भोटेकोशी, कर्णाली र सेती नदीहरू र्‍याफ्टिङ तथा कायाकिङका लागि विश्वभरका साहसिक पर्यटकहरूको आकर्षण बनेका छन् । यसलाई थप प्रवर्द्धन गर्न यो महोत्सव प्रभावकारी हुने विश्वास लिएको छु ।" आयोजकका अनुसार प्रतियोगिताका विजेताहरूलाई विभिन्न विधामा ८१५ हजारदेखि रु एक लाखसम्म नगद पुरस्कार, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिनेछ । तीन दिनसम्म चल्ने यस अन्तरराष्ट्रिय महोत्सवको समापन समारोहमा विजेता खेलाडीलाई पुरस्कार वितरण गर्नुका साथै नेपालमा र्‍याफ्टिङ संस्कृति सुरु गर्ने हिमालय रिभर एक्सप्लोरेसनलाई सम्मान गर्ने कार्यक्रम पनि रहेको छ ।

# विपद् व्यवस्थापनमा स्थानीय तहलाई बलियो बनाउन आग्रह

**रासस**
काठमाडौं, २६ फागुन

गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठले विपद् व्यवस्थापनमा स्थानीय तहलाई बलियो र जिम्मेवार बनाउनुपर्ने बताउनुभएको छ ।

अवलोकन तथा निरीक्षण भ्रमणका क्रममा मंगलबार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यालय पुग्नुभएका सचिव श्रेष्ठले स्थानीय तहलाई जिम्मेवार बनाई स्रोतसाधनको व्यवस्था र प्राविधिक सहयोग भने प्रदेश र सङ्घ सरकारले गर्नुपर्ने धारणा राख्नुभयो । गत साता सम्पन्न निर्वाचनका सन्दर्भमा मौसम कस्तो होला भन्ने जिज्ञासा रहिरहेका बेला जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानले सहयोग गरेको दृष्टान्त राख्दै सचिव श्रेष्ठले पूर्वानुमानको विश्वसनियताको जगमा पूर्वतयारी र प्रतिकार्यलाई सुदृढ बनाउनुपर्ने बताउनुभयो ।

प्राधिकरणका कार्यकारी प्रमुख इ दिनेश भट्टले प्राधिकरणले सम्पादन गरिरहेका कार्यहरू, चुनौती एवं मन्त्रालयबाट गरिएका अपेक्षाहरूबारे प्रस्तुतीकरण गर्नुभएको थियो । त्यसक्रममा सचिव श्रेष्ठले प्राधिकरणद्वारा तयार पारिएको 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन हाते पुस्तिका'को विमोचन पनि गर्नुभयो ।

# राहुघाट–पिप्ले बगैँचा जोड्ने पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ फागुन



रघुगङ्गा गाउँपालिका-३ राहुघाटदेखि पिप्ले बगैँचा जोड्ने पदमार्ग निर्माण भएको छ ।

सडक निर्माणसँगै विस्थापित भएको रघुगङ्गा गाउँपालिकाको १, २, ३, ४, ७ र ८ नम्बर वडाका बासिन्दाले जिल्ला सदरमुकाम बेनी आउन जान प्रयोग गर्ने परम्परागत पदमार्गलाई पुनःनिर्माण र ब्यवस्थित गरिएको हो ।

एकीकृत सेवा कार्यालय म्याग्दीको सहयोगमा राहुघाटदेखि बगैँचातर्फ ८० मिटर पक्की सिँढी र १३७ मिटर दूरीमा फलामको रेलिङसहितको पदमार्ग निर्माण गरेको उपभोक्ता समितिका अध्यक्ष लेखनाथ शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा रु पाँच लाख बजेट विनियोजन गरेको उक्त पदमार्ग निर्माणका लागि उपभोक्ताले रु ३६ हजारबराबरको श्रमदान गरेका छन् । दुई दशकअघि सडकको मार्ग खुलेपछि विस्थापित बनेको पदमार्ग पछिल्लो समय पहिरोका कारण छियाछिया हुँदा विषेश गरेर घाटमा शव ल्याएर आउन मलामीलाई असहज भएको थियो । भिरालो र अप्ठ्यारो ठाउँमा पदमार्ग तथा रेलिङ बनेपछि सहज र सुरक्षित रूपमा यात्रा गर्न पाएका बगैँचाका बासिन्दा नारायण सुवेदीले बताउनुभयो । म्याग्दी १ (क) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले जिल्लाकै ठूलो बस्तीका बासिन्दाले प्रयोग गर्ने पदमार्गलाई व्यवस्थित गर्ने कार्यलाई पूर्णता दिन आगामी वर्षको वार्षिक योजनामा समावेश गरी बजेट विनियोजन गराउन पहल गरिने बताउनुभयो ।

# जापनिज इन्सेफलाइटिस सङ्क्रमणपछि खोप अभियान

**रासस**
नवलपरासी, २६ फागुन

नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा जापनिज इन्सेफलाइटिसको सङ्क्रमण दर बर्सेनि बढ्दै गएपछि ३५ वर्ष माथिका नागरिकलाई लक्षित गरी खोप अभियान सञ्चालन गरिने भएको छ ।

आगामी चैत १ देखि ५ गतेसम्म जिल्लाभर जापनिज इन्सेफलाइटिसविरुद्धको खोप अभियान सञ्चालन गर्न लागिएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रमुख केशव चापागाईँले बताउनुभयो । अभियानअन्तर्गत जिल्लाभित्र रहेका ३५ वर्षमाथिका एक लाख ५० हजार बढी नागरिकलाई खोप लगाइने लक्ष्य राखिएको छ ।

"चालु आर्थिक वर्षमा मात्र जिल्लामा जापनिज इन्सेफलाइटिसका १५ सङ्क्रमित फेला परेका छन् । तीमध्ये ६ जनाको मृत्यु भइसकेको छ", उहाँले भन्नुभयो, "सङ्क्रमण दर बर्सेनि बढ्दै जान थालेज्ञपछि नवलपरासी (बर्दघाट सुस्तापूर्व)लाई मात्र लक्षित गरेर खोप अभियान सञ्चलन गर्न लागिएको हो ।"

जिल्लामा रोगको जोखिम देखिँदै गएपछि यसको रोकथामका लागि खोप अभियान सञ्चालन गर्न लागिएको जनस्वास्थ्य अधिकृत प्रवीणकुमार खनालले बताउनुभयो । उहाँका अनुसार अभियानमार्फत जिल्लाका आठवटै स्थानीय तहमा खोप कार्यक्रम सञ्चालन गरिने छ ।

"लक्षित उमेर समूहका सबै नागरिकलाई नजिकको खोप केन्द्रमा गई अनिवार्य रूपमा खोप लगाउन जिल्लाका ३५ वर्ष उमेर र सो माथिका नागरिकलाई आग्रह गरेका छौं", उहाँले भन्नुभयो, "स्थानीय तह, स्वास्थ्य संस्था र सरोकारवाला निकायसँग सहकार्य गरी अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तयारी गरेका छौं ।" नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा आर्थिक वर्ष २०७९/८० मा सात जनामा जापनिज इन्सेफलाइटिस पुष्टि भएकामध्ये पाँच जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयको तथ्याङ्कमा उल्लेख छ । त्यसैगरी आव २०८०/८१ मा आठ जनामा सङ्क्रमण भएकामध्ये एक जनाको मृत्यु भएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रमुख केशव चापागाईँले जानकारी दिनु भयो । जापनिज इन्सेफलाइटिस क्युलेक्स भन्ने लामखुट्टेबाट सर्ने रोग हो । यी लामखुट्टेहरू मध्यम आकारका, खैरो रङको र पेटतिर भने सेतो चिह्न भएका हुन्छन्, तिनले प्रायः घाम ढल्केपछि र अँध्यारो भएपछि टोक्ने गर्दछन् । विशेष गरी धान बालीमा जमेको पानी यस लामखुट्टेको प्रमुख वासस्थान हो, साउन, भदौ र असोजमा जापनिज इन्सेफलाइटिस बढी देखिने गर्दछ । यस रोगबाट धैरै व्यक्ति गम्भीर बिरामी नहुने गरे पनि केहीको गम्भीर अवस्था सृजना भई दिमागलाई नै असर गरी मृत्यु हुने गरेको प्रमुख चापागाईँले बताउनुभयो । "यो रोग लाग्दा धैरैजसोलाई ज्वरो, झाडापखाला, बान्ता, थकित हुने, गर्धन दुख्ने, घाँटी दरो हुने, टाउको दुखाई वा कमजोरी देखिन्छन्", उहाँले भन्नुभयो, "यस रोगका खतराका लक्षण छारे रोग, प्यारालाइसिस र अचेत हुनु रहेको छ ।"

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**

## मातृशिशु मितेरी प्रादेशिक अस्पताल
**पोखरा, कास्की**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/११/२७ गते**

प्रस्तुत विषयमा यस अस्पतालबाट मिति २०८२/०९/२४ गते प्रकाशित सूचना अनुसार यस अस्पताललाई आवश्यक रसायन/केमिकल/रियेजेन्ट वा सामाग्री खरिदका लागि भएको बोलपत्र आव्हानको सूचना मिति २०८२/१०/२५ गते खोली मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र स्विकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ३ प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र. स | बोलपत्र नं. | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कबोल गरेको रकम रु. (मु.अ कर बाहेक) |
|---|---|---|---|---|
| १. | MMPH/NCB/G/01/2082-82/A | Procurement of Lab Chemicals | Medtech Traders, Pokhara | ५४,१७,३०३.०० |
| २. | MMPH/NCB/G/01/2082-82/B | Procurement of Lab Chemicals | Dhrubatara Medilink Pvt. Ltd, Kaski | २३,१४,०२३.५४ |
| ३. | MMPH/NCB/G/01/2082-82/E | Procurement of Lab Chemicals | Medtech Traders, Pokhara | ९,३६,९००.०० |
| ४. | MMPH/NCB/G/01/2082-82/F | Procurement of Lab Chemicals | Medtech Traders, Pokhara | ८,०९,६००.०० |
| ५. | MMPH/NCB/G/01/2082-82/G | Procurement of Lab Chemicals | Medtech Traders, Pokhara | ३,५९,२००.०० |

**मेडिकल सुपरिटेन्डेन्ट**

# ढोरपाटनमा दादुरा विरुद्धको खोप अभियान सञ्चालन गरिने

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ फागुन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बागलुङको ढोरपाटन नगरपालिकामा दादुराको सङ्क्रमण देखिएपछि दादुरा विरुद्धको खोप सञ्चालन गर्ने भएको छ।

नगरपालिका भित्रका १० देखि २० वर्ष उमेर समूहका करिब सात हजार बालबालिकालाई दादुरा विरुद्धको खोप लगाइने स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको परीक्षणमा हालै उक्त नगरपालिका-७, ८ र ९ का पाँच जनामा दादुरा सङ्क्रमण पुष्टि भएको छ। त्यसैगरी, ५६ जना शङ्कास्पद बिरामीलाई निगरानीमा राखिएको छ।

शाखा प्रमुख गौतमले अहिले सङ्घ, प्रदेश कार्यालयबाट उक्त ठाउँमा चिकित्सकसहितको टोली पुगेर दादुरा महामारी नियन्त्रणको काम भइरहेको बताउनुभयो । उहाँले यही फागुनको पहिलो साता भारतबाट आएका एक जना दादुरा सङ्क्रमितले दादुरा सारेको जानकारी दिनुभयो । "भारतबाट आएका एक जना बिरामी कसैलाई नभनी उपचार गर्न अस्पताल पुगेका थिए । अनि तिनै बिरामीबाट अन्य मानिसमा दादुरा फैलिएको अनुमान गरिएको छ", उहाँले भन्नुभयो, "एक जना सङ्क्रमितबाट अर्कोमा फैलिन १४ दिन लाग्ने भएकाले भर्खरै उक्त ठाउँमा दादुरा फैलिएको थाहा भएको हो ।" दादुरा अत्यन्तै सङ्क्रामक भएकाले एक जना सङ्क्रमितले १८ जनासम्म सङ्क्रमण सार्न सक्दछ। शाखा प्रमुख गौतमले १४ बिरामीको दादुरा परीक्षणका लागि आवश्यक नमूना टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको बताउनुभयो । उहाँका अनुसार हाल त्यस क्षेत्रमा दादुराझैँ देखिने ३० जना बिरामी भर्ना भएका छन् ।

# 'म्यागासेसे' प्राप्त महावीरको संसद् यात्रा

**सन्तोष गौतम**
म्याग्दी, २६ फागुन/रासस



सामाजिक अभियान्ताको पहिचान बनाएका महावीर पुनले जिल्लाबाट प्रतिनिधिसभाको यात्रा तय गर्नुभएको छ । हाल चितवनमा बस्दै आउनुभएका ७१ वर्षीय पुनको जन्म विसं २०११ माघ ११ गते म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ नागीमा भएको हो।

अन्तरिम सरकारको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री नियुक्त हुनुभएका पुनले गत माघ ४ गते पदबाट राजिनामा दिएर जन्मथलोमा चुनाव लड्न आउनुभएको थियो । अमेरिकाको 'नेब्रास्काको युनिभर्सिटि'बाट विसं २०४९ मा स्नाकोत्तर गरेका पुनको म्याग्दीको सूचना प्रविधि, शिक्षा र पर्यटन विकासमा योगदान रहेको अन्नपूर्ण गाउँपालिका-७ मा रहेको टिकोट माविका प्रअ प्रदीप पुनले बताउनुभयो । विसं २०५८-६४ को समयमा पोखरा, काठमाडौँलगायत सहर बजारमा सहज रुपमा कम्युटर र इन्टरनेट सुविधा नभएको अवस्थामा पुनले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका विद्यालयहरुमा कम्प्युटर शिक्षाको सुरुआत र ताररहित इन्टरनेट सुविधा विस्तार गरेका थिए । ग्रामीण क्षेत्रमा सूचना प्रविधिको विकास र विस्तार गरेकोमा सन् २००७ मा एसियाको नोबल पुरस्कारका रुपमा चिनिने ५० हजार डलरको म्यागासेसे पुरस्कार प्राप्त गर्नुभयो। चौरीपालन, माछापालन, तरकारीखेती गरेर ग्रामीण क्षेत्रका विद्यालय सञ्चालनका लागि आयस्रोत जुटाउने अवधारणा विकास गरेका पुनको अगुवाइमा अन्नपूर्ण धौलागिरि सामुदायिक पदमार्ग, नागी, मोहरेडाँडा, टिकोट, डाँडाखर्क र खोप्रा लेकमा सामुदायिक लज सञ्चालन भएको छ। चौरी र सामुदायिक लजको आम्दानी विद्यालय सञ्चालनमा परिचालन हुने गरेको छ।पुनको अगुवाइमा विसं २०६० को दशकमा टेलिमेडिसिन सेवा सञ्चालन गरेर गाउँका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई सहर बजारमा रहेका चिकित्सको परामर्शमा सेवा दिने अभ्यास गरेका छन् । नागीमा नेपाली हाते कागज उद्योग सञ्चालन भएको थियो । उहाँले नेतृत्व गरेको हिमालयन संरक्षण संस्थाले नागी, बरङ्जा, झिँ लगायतका ठाउँमा नर्सरी स्थापना गरि बिरुवा उत्पादन र वृक्षरोपण हुँदै आएको छ । राष्ट्रिय आविष्कार केन्द्र स्थापना गरी युवा वैज्ञानिकलाई प्रोत्साहन एवम् सहयोग गर्न व्यक्तिगत रुपमा लेखनाथ र पोखरामा रहेको २८ रोपनी जग्गा बिक्री गरी स्रोत जुटाउनुभएको थियो । आफ्नै जीवनकथाको पुस्तक बेचेर भएको रु. १२ करोड आम्दानी वीरगञ्ज कृषि औजार कारखाना सञ्चालनमा परिचालन गर्नुभएको छ। पुनले सन् २००२ मा अशोका फेलोसिप, २००७ मा रोमन म्यागासेसे पुरस्कार, इन्टरनेट हलअफ फेम, नेपाल सरकारबाट भवन कृत्तिरत्नसहित रु १० लाख नगद र गण्डकी प्रदेश सरकारबाट गण्डकी रत्न अवार्ड प्राप्त गर्नुभएको छ। पुनको राष्ट्रिय, अन्तरराष्ट्रिय छवि र व्यक्तित्वले मत परिवर्तनको खोजीमा रहेका म्याग्देली मतदाताको मन जितेर राजनीतिक दलहरुको साङ्गठनिक शक्तिमाथि हाबी हुँदै फराकिलो मतान्तरका साथ ऐतिहासिक जित निकालेका म्याग्दी बहुमुखी क्याम्पसका सहायक प्रध्यापक विष्णुप्रसाद आचार्यले बताउनुभयो । एमालेका हरि कृष्ण श्रेष्ठलाई १४ हजार ९३१ मतान्तरले पछि पारेर जित हासिल गरेका पुनले २२ हजार ८५० मतका साथ जित निकाल्नुभएको हो ।

"राजनीतिक कार्यकर्ताको दबदवा, नेता-कार्यकर्तासँगको सम्बन्ध र पुराना राजनीतिक सम्बन्धका कारण मतदाता खुल्न नसक्ने अवस्थामा भने जस्तो काम गर्न नसकेको झोकमा मन्त्री पद छाडेर चुनाव लड्न आएका महावीरलाई चुनौती हुने आँकलन र पुर्व अनुमान मिलेन," सहायक प्रअ आचार्यले भन्नुभयो "यसपाली लोभ, आश्वासन, डर, धम्की र भ्रमले अपेक्षाकृत काम गरेन, बरु यसले महावीरलाई जित्न झन सहज बनाएको देखियो ।" महावीरको जितले म्याग्दीमा राजनीतिक दल तथा नेताहरुलाई समाजमा कार्यकर्ता बाहेक पनि मानिस छन् र चुनाव जित्नको लागि सङ्गठन, शक्ति र पैसानै चाहिने रहेछ भन्ने धारणाबाट मुक्त हुन सन्देश दिएको आचार्यले बताउनुभयो । अब गठन हुने प्रतिनिधिसभा सदस्यमा दलविहीन सांसद पुनमात्र बन्नुभएको छ । पुनले विद्यालय, विश्व विद्यालय, प्राविधिक शिक्षामा राजनीतिकरण र स्वार्थ समूहको प्रभावलाई अन्त्य गरेर शैक्षिक सुधारका लागि नीति निर्माण गर्न अगुवाइ गर्ने प्रतिक्रिया दिनुभयो।

सामान्य शैलीमा मतदातासँग अनौपचारिक हिसाबले कुराकानी गर्नुका साथै साथै सामाजिक सञ्जालमार्फत चुनाव प्रचार गर्नुभएका महावीरले विजय उत्सव मनाउने र खुसीयाली साट्ने नाममा तडकभडक प्रदर्शन र अनावश्यक खर्च नगर्न अनुरोध गर्नुभएको छ । महावीरले अपनाएको फरक शैलीको चुनाव प्रचार र मतदाताबाट आर्थिक सहयोग पाएको विषयले चर्चा पाएको छ।

# टी-२० विश्वकप विजेता भारतलाई १ करोड ४० लाख डलर पुरस्कार

**रासस**
काठमाडौं, २६ फागुन

तेस्रो पटक आइसिसी टी-२० विश्वकप जितेर इतिहास रचेको भारतीय पुरुष क्रिकेट टोलीलाई भारतको क्रिकेट नियन्त्रण बोर्ड (बिसिसिआई) ले एक करोड ४० लाख अमेरिकी डलर नगद पुरस्कार दिने घोषणा गरेको छ।

बिसिसिआईले मङ्गलबार जारी गरेको वक्तव्यमा खेलाडी, प्रशिक्षक, सहयोगी स्टाफ तथा चयनकर्ताहरूको 'ऐतिहासिक उपलब्धि' को सम्मानस्वरूप उक्त पुरस्कार उपलब्ध गराइने जनाएको छ । बोर्डका सचिव देवजित साइकियाले यस सफलताले भारतलाई टी-२० ढाँचाको इतिहासमा सबैभन्दा सफल टोलीमध्ये एकका रूपमा स्थापित गरेको बताउनुभयो।

भारतले आइतबार अहमदाबादमा सम्पन्न फाइनल खेलमा न्युजिल्यान्डलाई ९६ रनले पराजित गर्दै लगातार दोस्रो पटक ट्रफी उचाल्दै प्रतियोगिताको उपाधि कायम राख्ने पहिलो टोली बनेको हो। साथै सह-आयोजक रहेको भारत घरेलु मैदानमै टी-२० विश्वकप जित्ने पहिलो देश पनि बनेको छ । घोषित नगद पुरस्कार खेलाडी, प्रशिक्षक र सहयोगी कर्मचारीसहित सम्पूर्ण टोलीमा बाँडिने बताइएको छ । यसबाहेक अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट पनि भारतले विजेताका रूपमा २३ लाख ४० हजार डलर प्राप्त गर्नेछ। उपविजेता न्युजिल्यान्डले भने ११ लाख ७० हजार डलर पुरस्कार पाउनेछ । विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको भारतमा क्रिकेट अत्यन्त लोकप्रिय खेल हो। शीर्ष खेलाडीहरू राष्ट्रिय स्तरमा ठूलो स्टारका रूपमा चिनिन्छन् र क्रिकेटले विविध सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरूलाई एकै ठाउँमा जोड्ने महत्त्वपूर्ण माध्यमका रूपमा काम गर्दै आएको छ।

भारतको उपाधि जितसँगै देशभरि उत्सवको माहोल देखिएको थियो । आइतबार मध्यराततिर नीलो भारतीय जर्सी लगाएका समर्थकहरू सडकमा निस्केर ड्रम बजाउँदै र बलिउड गीतहरूमा नाच्दै विजयोत्सव मनाएका थिए।

# विदेश जाने नेपाली विद्यार्थीको पहिलो रोजाइमा जापान, व्यवस्थापन पढ्ने धेरै

**प्रकाश सिलवाल**
काठमाडौं, २६ फागुन/रासस

नेपालबाट उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीको पहिलो रोजाइमा जापान पर्न थालेको छ भने विदेश गएर सबैभन्दा बढी व्यवस्थापन विषय पढ्ने गरेको पाइएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विदेशी शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न जाने नेपालीका लागि दिइएको पूर्वस्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) को गत आर्थिक वर्ष र यस आर्थिक वर्षको पहिलो त्रैमासिकको विवरणमा जापान आकर्षणमा परेको छ । जापानी भाषा सिकेर थप पढ्न र काम गर्न जापानमा सहज हुने भएकाले पनि विद्यार्थीको चाप देखिको हो। केही वर्ष अघिसम्म नेपाली विद्यार्थीको पहिलो रोजाइ अष्ट्रेलिया हुने गरेको थियो।

यस आर्थिक वर्षको गत १ साउनदेखि असोज मसान्तसम्म कूल २८ हजार ५८५ विद्यार्थीले मन्त्रालयको भक्तपुर (सानोठिमी)स्थित शाखाबाट 'नो अब्जेक्सन लेटर' (एनओसी) लिएको मन्त्रालयले जनाएको छ । त्यसमध्ये जापानका लागि नौ हजार ४५३, अष्ट्रेलियाका लागि सात हजार ७३० र संयुक्त अधिराज्य बेलायतका लागि चार हजार ६११ विद्यार्थीले स्वीकृति लिएका छन् । मन्त्रालयको 'नो अब्जेक्सन लेटर' शाखाका प्रमुख वीरेन्द्रजङ्ग थापाले गत फेब्रुअरीमा भएको जापानी भाषा परीक्षाका कारण पछिल्ला दिनमा जापान जाने विद्यार्थी बढेको बताउनुभयो । उहाँले आज केही समय 'एनआइडिसी' को 'सिस्टम डाउन' भएकाले विद्यार्थीलाई छिटो सेवा दिन नसकिएको बताउँदै 'अनलाइन' प्रणालीका आधारमा एनओसी सेवा पाउन आवेदन दिन र स्वीकृतिको प्रणाली विकास गरिएकाले कागजात पूरा गरिएका आवेदकहरूको पालोअनुसार स्वीकृति हुने बताउनुभयो।

जापान जाने तयारीमा एनओसीका लागि आवेदन दिएका जुम्लाका नवराज देवकोटाले आज उक्त शाखामा विद्यार्थीको निकै भीड भएकाले आफ्नो स्वीकृतिको अवस्थाबारे बुझ्न कठिन भएको गुनासो गर्नुभयो । देवकोटा जापानको फुकोकास्थित क्युरिन इन्टरनेशनल जापानी भाषा कलेजमा पढ्न जाने तयारीमा हुनुहुन्छ। गत आर्थिक वर्ष २०८१/०८२ मा ८४ देशका लागि जम्मा एक लाख २३ हजार ५८९ ले विदेश पढ्नका लागि स्वीकृति लिएका थिए। स्वीकृति लिएकामा जापानका लागि अत्यधिक ३९ हजार ८४७ रहेका छन् । यस्तै उत्कृष्ट पाँच गन्तव्य देखिएको मध्येमा बेलायतका लागि २७ हजार ४७५, अष्ट्रेलियाका लागि १६ हजार २७९, दक्षिण कोरियाका लागि नौ हजार ७५७, संयुक्त राज्य अमेरिकाका लागि आठ हजार ८७० छन्।

अध्ययन गर्ने विषयका आधारमा सबैभन्दा बढी विद्यार्थी व्यवस्थापन विषयका देखिएका छन्। सो विषयमा एक लाख १६ हजार सात सय ८० विद्यार्थीले गत आर्थिक वर्षमा पूर्वस्वीकृति लिएका छन्। यस्तै सूचना प्रविधि विषयमा ३० हजार ७४४, विज्ञान विषयमा २० हजार ६७४ र हस्पिटालिटीमा १४ हजार २३ विद्यार्थी रहेका छन्। मन्त्रालयले विदेशकाविश्वविद्यालयरकलेजको आधिकारिकता र शिक्षणका लागि भौतिक पूर्वाधारको अनुकूलताका आधारमा कार्यक्रमगत सूची पनि हालै अद्यावधिक गरेको छ । 'वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९' (संशोधनसहित) को दफा १८ को उपदफा ४ मा विश्वविद्यालय वा शिक्षण संस्थाको बेबसाइट उपलब्ध रहेको तिनको वरियताक्रम प्रदान गर्ने 'टाइम्स हाइयर एजुकेशन' वा 'क्युएस वर्ल्ड युनिभर्सिटी र्‍याङ्किङ'को वरियता सूचीमा रहेकाहरूको सूची यही फागुन ११ गते मन्त्रालयले अध्यावधिक गरेको हो। विदेशमा पढ्न जाने विद्यार्थीका लागि समस्या भोग्नु नपरोस् भन्ने अभिप्रायाले मन्त्रालयले विश्वविद्यालय र कलेजको आधिकारिकता पहिचानमा सहजीकरण गरेको हो । मन्त्रालयले आफूलाई ती मुलुकका आधिकारिक च्यानलबाट प्राप्त जानकारीका आधारमा चीन, अष्ट्रेलिया, नर्वे, युएइ, संयुक्त अधिराज्य बेलायत, आयरल्याण्ड, स्पेन, माल्टा, संयुक्त राज्य अमेरिका, जर्मनी, इटली, लिथुवानिया, गणतन्त्र कोरिया, कतार र माल्दोभाका विश्वविद्यालय र कलेजसम्बन्धी आधकारिक सूचना प्रदान हुने पोर्टलहरू प्रकाशन गरेको छ।

# मनाङ मर्स्याङ्दी विजयी

**रासस**
काठमाडौं, २६ फागुन

राजधानीमा जारी राष्ट्रिय लिग फुटबल प्रतियोगितामा मनाङ मर्स्याङ्दी क्लबले चित्लाङ एफसीलाई पराजित गरेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आज भएको खेलमा मनाङले चित्लाङविरुद्ध २-० को जित निकालेको हो । खेलको ४९औं मिनेटमा शैरभ तामाङको गोलमा मनाङले खेलमा अग्रता लियो।

त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा सुमित मल्लले गोल गर्दै मनाङलाई २-० को सहज जित दिलाए । यस प्रतियोगितामा मनाङको यो तेस्रो जित हो । लिगमा १० खेल खेलेको मनाङले १२ अङ्क जोडेको छ । यता चित्लाङको भने यो पाँचौं हार हो। समान १० खेलबाट चित्लाङको सात अङ्क छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, अमलाचौर भित्री सडकहरु स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः अमलाचौर भित्री सडकहरु स्तरोन्नति
ठेगानाः पोखरा-१३
योजना सम्झौता मिति : २०८२/०९/०८ गते
योजना सुरु मितिः २०८२/०९/०९ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/११/२६ गते
योजनाको कुल लागतः रु. ११,११,१११।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,१११।-
उपभोक्ता समिति अध्यक्षः तारा बराल
सम्पर्क नं.: ९८२७१२२२९१
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**अमलाचौर भित्री सडकहरू स्तरोन्नति**
**उपभोक्ता समिति पोखरा-१३**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.सं. १९८८/०७/१५ गते

स्वर्गारोहणः
वि.स. २०८२/११/१४ गते

**स्व. देउ बहादुर गुरुङ**

पोखरा महानगरपालिका वडा नं.२० विजयपुर डाँडागाउँ निवासी हाल पोखरा महानगरपालिका वडा नं. १३ लामो डहर बस्ने श्री होमकुमारी गुरुङको श्रीमान तथा पूर्व शिक्षक धन प्रसाद गुरुङको बुबा एवम् होमादेवी गुरुङको ससुराबाबा **देउ बहादुर गुरुङ** को ९५ वर्षको उमेरमा भएको दुःखद निधनले हामी ङोल्ह्रो कोन्मे विजयपुर डाँडागाउँ, गैरीगाउँ र छाचोक भाइखलक समस्त परिवार अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । आज पितृकार्यको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि बुद्ध भगवान लगायत सम्पूर्ण भगवानसँग प्रार्थना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**ह.ना.सु. पदम सिंह गुरुङ**
**अध्यक्ष तथा**
**ङोल्ह्रो कोन्मे विजयपुर डाँडागाउँ, गैरीगाउँ र छाचोक भाइखलक समस्त परिवार, पोखरा, कास्की**